आज मिति २०७६/१२/१९ गतेका दिन कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लुटबहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | लुट बहादुर रावत | अध्यक्ष | |
| २ | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३ | गोपीलाल खनाल | सदस्य | |
| ४ | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५ | माधव रिजाल | सदस्य | |
| ६ | तिरथराम थारु | सदस्य | |
| ७ | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८ | रामशरण थारु | सदस्य | |
| ९ | दिपकजंग शाह | सदस्य | |
| १० | रेशम बहादुर खत्री | सदस्य | |
| ११ | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२ | निम बहादुर चलाउने | सदस्य | |
| १३ | कर्ण बहादुर थापा | सदस्य | |
| १४ | नैन बहादुर शाही | सदस्य | |
| १५ | ओम प्रकाश वली | सदस्य | |
| १६ | टेकचन हरिजन्न | सदस्य | |
| १७ | पतिराम थारु | सदस्य | |
| १८ | लिला कुमारी पाण्डे | सदस्य | |
| १९ | नारायणी वली | सदस्य | |
| २० | गिता सुनार | सदस्य | |
| २१ | कल्पना शर्मा | सदस्य | |
| २२ | शान्ति सुनार्नी | सदस्य | |
| २३ | दयाराम वि.क. | सदस्य | |
| २४ | भिम बहादुर नेपाली | सदस्य | |
| २५ | डिल बहादुर परियार | सदस्य | |
| २६ | बिरेन्द्रदेव भारती | सदस्य सचिव | |

आमन्त्रित/सहयोगि कर्मचारी

| | | | |
|---|---|---|---|
| १. | डिल्लीराज पोखरेल | - प्रमुख नगर स्वास्थ्य शाखा | |
| २ | बीर बहादुर वि.के. | अधिकृत | |
| ३ | रोशन चापागाई | | |
| ४ | शैलेन्द्र थापा | को.प्र. | |
| ५. | हेमराज खत्री | | |

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

<u>प्रस्तावहरु</u>

१.विपन्न/ गरिव एवं दैनिक ज्यालादारी मजदुरी गरी जीविकोपार्जन गर्ने नागरिकहरुलाई राहत उपलव्ध गराउने सम्वन्धमा ।

२.स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई थप सुविधा उपलव्ध गराउने सम्वन्धमा ।

निर्णय नं:१

प्रस्ताव नं १ माथि छलफल गर्दा कोरोना भाइरस(कोभिड-१९) संक्रमणको संभावित जोखिम रोकथाम तथा नियन्त्रण गर्न सरकारद्धारा घोषणा गरेको लकडाउनका कारण समस्यामा परेका दैनिक ज्यालादारी/ मजदुरी गरी जीविकोपार्जन गर्ने विपन्न नागरिकहरुलाई अत्यावश्यक खाद्य पदार्थ विवरण गर्न सबै वडा कार्यालयहरुबाट वडागत रुपमा प्राप्त निम्न बमोजिमका विवरणका आधारमा १५ वटै वडा कार्यालयहरुलाई प्रति घरपरिवार कम्तिमा १५ के.जी.चामल,२के.जी.दाल,१ लिटर खाने तेल र १पोका नून समेत गरी हुन आउने न्युनतम रु.११००(एक हजार एकसय) का दरले राहत सामाग्री उपलव्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | वडा नं. | परिवार संख्या | दर ( रुपैया) | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ८४ | ११०० | ९२४००। | |
| २ | २ | ३११ | ११०० | ३४२१००। | |
| ३ | ३ | २०० | ११०० | २२००००। | |
| ४ | ४ | १८५ | ११०० | २०३५००। | |
| ५ | ५ | २२७ | ११०० | २४९७००। | |
| ६ | ६ | १३७ | ११०० | १५०७००। | |
| ७ | ७ | १२५ | ११०० | १३७५००। | |
| ८ | ८ | ६५० | ११०० | ७१५०००। | |
| ९ | ९ | १५१ | ११०० | १६६१००। | |
| १० | १० | ३५२ | ११०० | ३८७२००। | |
| ११ | ११ | ९४१ | ११०० | १०३५१००। | |
| १२ | १२ | ४१५ | ११०० | ४५६५००। | |
| १३ | १३ | २०४ | ११०० | २२४४००। | |
| १४ | १४ | ३८८ | ११०० | ४२६८००। | |
| १५ | १५ | ६६ | ११०० | ७२६००। | |
| | जम्मा | ४४३६ | १६५०० | ~~४८७९६००।~~ ४८,७९,६००।- | |

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं: २:

निर्णय नं १ बमोजिम राहत सामाग्री वितरणको लागि निम्नानुसारको व्यवस्था गर्ने ।

(क) सम्पूरक कोषबाट रु.पचास लाख रकम विपद् व्यवस्थापन कोषमा रकमान्तर गरी सोही कोषबाट वडा सचिवका नाममा पेश्की उपलब्ध गराउने ।

(ख) संघीय सरकारले तोकेको राहत वितरण मापदण्ड पालना,सर्वदलिय सहमति,राहत प्राप्त गर्नेको ३पुस्ते विवरण,राहत विवरणको फोटो लगायत वास्तविक लाभग्राहीलाई पारदर्शिता सम्वन्धी सबै विधि अवलम्वन गरी वितरण गर्न वार्ड समितिलाई जिम्मेवार बनाउने ।

(ग) हालालाई विकास निर्माणका सबै कार्य अवरुद्ध भएको अवस्थामा वडागत राहत वितरण गर्दा लाग्ने रकम सम्वन्धित वडाको ०७६/७७ मा प्रस्तावित कार्यक्रम/वजेट वचत हुने जुनसुकै शीर्षकबाट पछि आवश्यकता अनुसार कटौती गरी रकमान्तर गर्ने ।

निर्णय नं: ३

प्रस्ताव नं २ माथि छलफल गर्दा कोरोना (कोभिड- १९) संक्रमणको सम्भावित खतरा/जोखिम नियन्त्रण गर्ने कार्यमा खटिएका स्वास्थ्य सेवाका तथा स्वास्थ्य संस्थाका कर्मचारीहरु, नगरपालिकाका तपशिल अनुसारका कर्मचारीहरु समेतलाई मिति २०७६साल चैत १ गतेदेखि मासिक तलव स्केलको ५०% (पचास) प्रतिशत भत्ता उपलब्ध गराउने । स्वास्थ्य संस्थाका हेल्प डेस्कमा खटिएका अन्य कर्मचारी,महिला स्वास्थ्य स्वयं सेविका र वडास्तरिय समन्वय समितिका पदाधिकारीहरुलाई खटिएकै मितिदेखि पाउने गरी दैनिक रु.२००(दुइसय) का दरले खाजा खर्च समेत उपलब्ध गराउने निर्णय गरियो ।

नगरपालिकाका तपशिलका कर्मचारीहरु

१.प्रमुख प्रशासकीय अधिकृत श्री बीरेन्द्रदेव भारती

२.लेखा अधिकृत श्री सुदिप सिंह सुनार

३.अधिकृत छैठौं श्री बीरबहादुर बि.के.

४. अधिकृत छैठौं श्री अग्नि प्रसाद आचार्य

५.सहायक पाँचौं श्री दिपकराज उपाध्याय

६. सहायक पाँचौं श्री पुरुषोत्तम पोख्रेल

७. सहायक पाँचौं श्री प्रदिप कुमार रावत

८.एम.आइ.अप्रेटर श्री रोशन चापागाइ

बीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

~~७. सहायक पाँचौं श्री प्रदिप कुमार रावत~~

~~८.एम.आइ.अप्रेटर श्री रोशन चापागाइ~~

९.लेखापाल श्री हेमन्त पौडेल

१०.का.स.श्री हेमराज खत्री

११.का.स.श्री गोपाल उपाध्याय

१२.का.स.श्री रुपलाल डाँगी

१३.का.स.श्री राजेन्द्र टमाटा

१४. ह.स.चा. श्री दिनेश डाँगी

१३. ह.स.चा. श्री खडक बहादुर खत्री

१४. भा.स.चा श्री उमेश रिजाल

१५. भा.स.चा श्री ~~खडक~~ कुमार बहादुर बुढाथोकी

१६. का०स० विक्रम थापा

निर्णय नं: ४:

कोरोना भाइरस(कोभिड-१९) को प्रचार प्रसार र विभिन्न वडा कार्यालयहरु संग समन्वय गर्नका लागि कार्यपालिका सदस्यहरु र कर्मचारीहरुमा क्रमश: नगर स्वास्थ्य प्रमुख श्री डिल्लीराज पोखेल,अधिकृत बीर बहादुर बि.के.,अधिकृत अग्नी प्रसाद आचार्य, सहायक पाँचौ दिपकराज उपाध्याय र सहायक पाँचौ पुरुषोत्तम पोखेललाई रु.१०००(एकहजार) का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत